# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–८, संख्या ३, मिति २०८१/०९/२१

## भाग १

## बगनासकाली गाउँपालिकाको

# शिक्षा ऐन–२०८१

–स्वीकृत मिति : २०७९/१०/१०

# बगनासकाली गाउँपालिका शिक्षा ऐन, २०७९

प्रस्तावना

राष्ट्रको सर्वाङगीण विकास एवं युगान्तकारी परिवर्तनका लागि हरेक नागरीकहरुमा मानवीय मूल्य मान्यता प्रवर्द्धन गरी सहिष्णुता, सदाचार, शिष्टाचार र नैतिकता कायम राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको सम्वृद्धि र जनहितका लागि ज्ञान, सीप, श्रम सहित स्थानीय, प्रादेशिक संघीय र विश्वव्यापी आवश्यकतामा आधारित समयानुकूल योग्य तथा दक्ष जनशक्ति तयार गर्न यस गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका तथा स्थापना हुने सामुदायिक, संस्थागत तथा अन्य शैक्षिक संस्थाहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५७ को उपदफा ४, धारा २२१, धारा २२६ को उपधारा १ र अनुसूचि ८ को सूचि नं ७ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २०, २१, १०२ बमोजिम बगनासकाली गाउँपालिकाको गाउँसभाबाट पारित गरी यो ऐन जारी गरीएको हो ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “बगनासकाली गाउँपालिका शिक्षा ऐन, २०७९” रहेको छ ।

(२) यो ऐन बगनासकाली गाउँपालिकाको क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन बगनासकाली गाउँपालिकाको गाउँसभाबाट पारित भै गाउँपालिकाको राजपत्रमा प्रकासित भएको मितिदेखि लागु हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क)“ऐन” भन्नाले बगनासकाली गाउँपालिकाको शिक्षा ऐन, २०७९ लाई सम्झनुपर्छ ।

(ख)“संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ग) “प्रदेश शिक्षा ऐन” भन्नाले लुम्बिनी प्रदेशको संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(घ)“गाउँपालिका” भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको बगनासकाली गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले बगनासकाली गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "विद्यालय शिक्षा" भन्नाले आाधारभूत शिक्षा र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(छ) "प्रारम्भिक बालशिक्षा" भन्नाने चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालवालिकाको लागि दिने प्रारम्भिक बालशिक्षालाई सम्झनुपर्छ ।

(ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका बालबालिकाहरु विभेद रहित वातावरणमा दिइने शिक्षा ।

(ठ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषय वस्तु सिकाइको व्यवस्था गरी प्रविधि र व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिने शिक्षालाई सम्झनुपर्छ ।

(ड) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय या संस्थागत विद्यालयलाई सम्झनुपर्छ ।

(ढ) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउँने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ण) "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउँने

गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(त) "प्रारम्भिक बालशिक्षा केन्द्र" भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, किन्डरगार्डन र मन्टेश्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ ।

(थ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ज) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(द) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ध) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँछ ।

(न) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनु पर्छ ।

(प) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(फ) "प्रदेश मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ब) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरूको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

(भ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाने संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणको लागि स्थापित जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(म) "विद्यालय शिक्षक किताब खाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताबखाना सम्झनुपर्छ ।

(य) "अध्यक्ष" भन्नाले बगनासकाली गाउँपालिकाको अध्यलाई सम्झनुपर्छ ।

(र) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाने बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ल) "शिक्षा शाखा प्रमुख" भन्नाले बगनासकाली गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई वा शिक्षा अधिकृत सम्झनुपर्छ ।

(व) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण एवम् सुपरिवेक्षण गर्न तोकिएको शिक्षा अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(श) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ष) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(स) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ तर सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु वा आमा वा बाबु तर्फको बाजे बज्यैलाई जनाउँछ ।

(ह) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(क्ष) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(त्र) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज्ञ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ१) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा पालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ२) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति र

समुदाय वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी भन्ने सम्झनु पर्दछ ।

(ञ३) “श्रोत शिक्षक” भन्नाले बगनासकाली गाउँपालिकाबाट नियुक्त स्रोत शिक्षक/स्रोतविज्ञलाई सम्झनु पर्दछ ।

३. विद्यालयको तह : विद्यालयको तह निम्न दुई प्रकारको हुनेछ ।

(क) आधारभूत तह : प्रारम्भिक बालकक्षा देखि कक्षा ८ सम्म पढाई हुने ।

(ख) माध्यमिक तह : कक्षा ९ देखि कक्षा १२ सम्म पढाइ हुने ।

४. माध्यमिक शिक्षाको प्रकार : माध्यमिक तहको शिक्षा देहाय बमोजिमको हुनेछन् ।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

५. शिक्षाको माध्यम :

(१) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ।

(अ) आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(आ) भाषा विषयको शिक्षण गर्दा शिक्षाको माध्यम सोही भाषामा हुनेछ ।

(इ) गैर नेपाली नागरीकले बगनासकाली गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा संघीय कानुन बमोजिम अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

६. विद्यालयको वर्गीकरण :

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी बिद्यालय

७. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने : कुनै पनि नेपाली नागरीक समुदाय वा संस्थाले सामुदायिक विद्यालय, शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न तोकिएको विवरण सहित तोकिएको ढाँचामा नियममनुसार गाउँपालिकामा निवेदन दिई अनुमति लिनु पर्नेछ । अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

८. धरौटी सम्बन्धी व्यवस्था :

१) शैक्षिक गुठी वा संस्थागत र सामुदायिक विद्यालय खोल्न अनुमति लिंदा विद्यालय सञ्चालन सुरक्षा वापत देहाय बमोजिमको रकम धरौटी राख्नुपर्ने छ ।

(क) सामुदायिक विद्यालयका लागि

(अ) माध्यमिक विद्यालयको लागि एक लाख रुपैंया

(आ) आधारभूत विद्यालयको लागि पचास हजार रुपैंया ।

(ख) संस्थागत विद्यालयका लागि

(अ) माध्यमिक विद्यालयको लागि दस लाख रुपैंया

(आ) आधारभुत विद्यालयको लागि पाँच लाख रुपैंया ।

(ग) विद्यालय खोल्नका लागि तोकिएको धरौटी रकम गाउँपालिकाले तोकेको बैंकमा विद्यालयको नाममा मुद्दती खातामा जम्मा गर्नुपर्नेछ । विद्यालयको खाता समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त रुपमा वा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

९. विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याङ्कन :

(१) प्रत्येक विद्यालयले संघीय सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ ।

(२) विद्यालयले गाउँशिक्षा समितिबाट स्वीकृत पाठ्य पुस्तकहरु सबै कक्षामा लागू

गर्नुपर्नेछ ।

(३) आधारभूत तह सम्मको शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित १०० पूर्णाङ्कको स्थानिय पाठ्यक्रम गाउँ शिक्षा समितिको निर्णय बमोजिम प्रयोगमा ल्याउनु पर्ने ।

(४) पाठ्यक्रमले तोकेको ढाँचामा विद्यालयहरुले विद्यार्थी मूल्याङ्कन गर्नुपर्नेछ ।

(५) निरन्तर मुल्याङ्कन प्रणाली (CAS) लागु गर्नुपर्ने ।

(६) नेपाल सरकार तथा गाउँपालिकाले तोकेको पाठ्यक्रम तथा मूल्याकन पद्धति लागू नगर्ने विद्यालयलाई सम्बन्धित शीर्षकमा प्राप्त हुने अनुदान रोक्का गर्न सकिने छ ।

१०. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

(१) गाउँपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न सक्ने छ ।

(२) उपदफा १ बमोजिमको शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

११. प्रारम्भिक बालशिक्षा :

(१) गाउँपालिका भित्रको कुनै पनि स्थानमा बाल विकास केन्द्र स्थापना गर्नुपर्ने आवश्यक देखिएमा स्वीकृतीको लागि सम्बन्धित वडा कार्यालयको सिफारिश सहित गाउँ शिक्षा समितिमा निवेदन दिनुपर्ने छ । निवेदनको ढाँचा नियमावलीले तोके बमोजिम हुनुपर्नेछ ।

(२)तोकिए बमोजिमको निवेदन पर्ने आएमा गाउँ शिक्षा समितिले आवश्यक जाँचबुज गर्नेछ र जाँचबुज गर्दा निवेदकलाई शिशु विकास केन्द्र स्थापना गर्न स्वीकृती दिन मनाशिव देखिएमा गाँउ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले स्वीकृती दिन सक्नेछ ।

(२) कुनै संस्थाले उपनियम २ बमोजिम तोकिएको शर्तअनुरुप शिशु विकास केन्द्र सञ्चालन नगरेमा गाउँ शिक्षा समितिले एकपटक सुनुवाइको अवसर दिनेछ

र तत्पश्चात् पनि उचित ढङ्गबाट सञ्चालन नभएमा दिएको स्वीकृती कुनै पनि बखत खारेज गर्न सकिने छ ।

(४) प्रारम्भिक बाल विकास केन्द्र स्थापनाका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

१२. सामुदायिक सिकाई केन्द्र :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सामुदायिक सिकाइ केन्द्र सञ्चालनका लागि अनुमति दिन सक्नेछ ।

(२) सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि कार्यक्रम :

(१) गाउँपालिकाले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) सो सम्बन्धी व्यवस्था नियमावली बमोजिम हुनेछ ।

१४. विद्यालय सञ्चालन गर्न, सार्न र गाभ्न सक्ने :

(क) गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न, बन्द गर्न वा कक्षा थप गर्न सक्नेछ ।

(ख) गाउँपालिकाले कार्यविधि बनाई अति न्यून विद्यार्थी संख्या भएका दुई वा दुई भन्दा बढी विद्यालयहरुलाई गाभेर बृहत् विद्यालयको अवधारणा बमोजिम विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(ग) विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने, बन्द गर्ने, कक्षा थप गर्ने तथा बृहत विद्यालय सम्बन्धी नियमावली बमोजिम हुनेछ ।

१५. कार्यक्रम सञ्चालन गर्न नपाइने : बगनासकाली गाउँपालिकासँग पूर्व स्वीकृती नलिई विदेशी शिक्षण संस्थासँग सम्बन्धन लिएर कुनैपनि शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाईने छैन ।

१६. विद्यालयले पालना गर्नुपर्ने शर्तहरू : बगनासकाली गाउँपालिकाभित्र सञ्चालित विद्यालय तथा शैक्षिक संस्थाहरुले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ ।

(क) नेपाल सरकारबाट स्वीकृत तथा गाउँपालिकाले तोकेमा अतिरिक्त पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्ने,

(ख) राष्ट्रियताप्रति आँच आउने पाठ्यसामग्री तथा पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्न, गराउन नपाइने,

(ग) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय-व्यय, शैक्षिक उपलब्धी र आगामी शैक्षिक सत्रको कार्यक्रम सहितको योजना पेश गर्नुपर्ने,

(घ) गाउँकार्यपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशन अनिवार्य पालना गर्नुपर्ने,

(ङ) तोकेको ढाँचामा प्रत्येक विद्यालयको शैक्षिक, भौतिक र आर्थिक तथ्याङ्क तयार गरी आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र गाउँपालिको कार्यालयमा अनुसुची १ को ढाँचामा प्रगति प्रतिवेदन बुझाउनुपर्ने,

(च) विद्यालयको सञ्चालन गर्दा गाउँपालिकाको शिक्षा ऐन र ऐन अन्तर्गत निर्माण भएका नियमावली, निर्देशिका, कार्यविधि तथा निर्देशनको पालना गर्नुपर्ने ।

१७. विद्यालयमा कक्षा थप सम्बन्धी व्यवस्था :

(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनुभन्दा २ महिना अगावै वडा शिक्षा समितिको सिफारिसमा गाँउ शिक्षा समितिमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदन उपर छानविन गरी गाउँ शिक्षा समितिले मनासिव देखिएमा कक्षा थप गर्नका लागि अनुमति प्रदान गर्न गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

१८. बगनासकाली गाउँकार्यपालिकाको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार :

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त बगनासकाली गाउँकार्यपालिकाको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गाउँशिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, तथा सोत शिक्षक/स्रोतविज्ञलाई आवश्यक निर्देशन दिने,

(ख) गाउँपालिका भित्र शैक्षिक गुणस्तर वृद्धिको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(ग) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(घ) शिक्षा सम्बन्धी विभिन्न परियोजनाहरु स्वीकृत गर्ने ,

(ङ) गाउँपालिकाले सञ्चालन गर्न खोजेका विभिन्न शैक्षिक परियोजनाहरु सञ्चालन गर्नको लागि स्वदेशी तथा विदेशी संस्थाहरुलाई अनुमति प्रदान गर्ने विदेशी संस्थाको हकमा संघीय कानून अनुसार हुने,

(च) गाउँपालिका भित्र सञ्चालित विद्यालयहरूमा आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकारससँग दरबन्दी माग गर्ने,

(छ) गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका सफल उद्योगी, व्यवसायी, वैज्ञानिक, विद्वान, कुशल प्रशासक, सफल किसान आदिलाई आमन्त्रण गरी उनीहरुमा यस्ता पेशा व्यवसायप्रति प्रेरणा जगाउँन शैक्षिक कार्यशालाको आयोजना गर्ने व्यवस्था मिलाउने,

(ज) आवश्यकता अनुसार प्राविधिक शिक्षाको व्यवस्था मिलाउने,

(झ) मातृभाषामा शिक्षा प्रदान गर्न क्रमशः मातृभाषी शिक्षकको व्यवस्था गर्ने,

(ञ) आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क र मा.वि. तहमा निःशुल्क शिक्षा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

(ट) विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्ने,

(ठ) गाउँ शिक्षा समितिबाट सिफारिस भई आएका विस्थापित शिक्षकलाई समायोजन वा पुनर्स्थापना गर्ने,

(ड) समुदायमा रहेका ज्ञान, सीप, हस्तान्तरण गर्न घुम्ती प्राविधिक शिक्षकको नियुक्ति गर्ने व्यवस्था मिलाउने,

(ढ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले विद्यालय समयभन्दा अन्य समयमा विद्यालयदेखि बाहिर काम गर्नको लागि विभागीय स्वीकृति मागेमा छानविन गरी निर्णय गर्ने,

(ण) तहगत र विषयगत योग्यता पुगेका शिक्षकहरुबाट अध्यापन गर्ने व्यवस्था मिलाउने,

(त) गाउँपालिका अन्तर्गतका विद्यालयको सुधारको लागि आवश्यक अनुगमन, मूल्याङ्कन र निर्देशन गर्ने ।

१९. प्रशासकीय प्रमुखको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार : स्थानीय तथा संघीय शिक्षा ऐन तथा कानुनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने,

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(ख) गाउँ कार्यपालिका कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने

(घ) गाउँपालिकाले प्रत्यायोजन गरेका शिक्षासम्बन्धी कार्य गर्ने,

(ङ) विद्यालयहरुको लेखापरीक्षणको व्यवस्था मिलाउने,

(च) शिक्षा सम्बन्धी प्रस्तावहरु गाउँपालिकामा पेश गर्ने,

(छ) यस ऐनमा तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

२०. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था :

(१) गाउँपालिकामा देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) गाउँपालिकाले मनोनित गरेका शिक्षाविद १ जना - सदस्य

(ङ) गाउँपालिकाको सामाजिक समितिको संयोजक - सदस्य

(च) स्थानीय शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित महिला, दलित तथा अपाङ्ग सहित २ जना- सदस्य

(छ) विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँशिक्षा समितिबाट मनोनित १ जना -सदस्य

(ज) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँशिक्षा समितिले तोकेको १ जना -सदस्य

(झ) गाउँ शिक्षक महासंघको अध्यक्ष - सदस्य

(झ) गाउँ शिक्षा अधिकृत - सदस्य- सचिव

(२) गाउँ शिक्षा समितिको बैठक प्रत्येक २ महिनामा कम्तिमा एक पटक बस्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिको बैठक अध्यक्षको आदेशा अनुसार सदस्य सचिवले बोलाउनेछ ।

(४) गाउँ शिक्षा समितिको बैठक सामान्यतः अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(५) समितिको बैठक भत्ता तथा सेवा सुविधा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(६) गाउँ शिक्षा अधिकृतको अनुपस्थितिमा गाउँ शिक्षा समितिको अध्यक्षले अन्य सदस्य वा कर्मचारीलाई सदस्य सचिवको जिम्मेवारी तोक्न सक्नेछ ।

(७) गाउँशिक्षा समितिले आफ्नो कार्य क्षेत्राधिकार भित्र रही उक्त समितिले काम गर्ने गरी आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(८) उपसमितिको बैठक कार्यविधि र सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(९) उपदफा १ बमोजिम नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि स्पष्टीकरणको मौकाबाट वञ्चित गरीने छैन ।

(१०) मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ ।

(११) गाउँपालिकाले आवश्यक ठानेमा विभिन्न क्षेत्रका व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा मनोनित गर्न सक्नेछ ।

(१२) गाउँ शिक्षा समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका भित्र विद्यालय सञ्चालनको लागि अनुमति वा स्वीकृति दिने विद्यालय बन्द गर्ने, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी कार्यहरुको लागि गाउँपालिकालाई आवश्यक सिफारिस गर्ने,

(ग) विशेष शिक्षा, समावेशी शिक्षा अनौपचारिक दूर तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) स्वीकृत वा अनुमति प्राप्त कक्षा, विद्यार्थी संख्या र विषयगत आधारमा विद्यालयहरूमा आवश्यक दरवन्दी संख्या माग गर्न गाउँपालिकामा सिफारिस गर्ने,

(च) शिक्षक कर्मचारी र विद्यार्थी कल्याणका कार्यक्रम सञ्चालन गर्ने,

(छ) विद्यालयहरूलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(ज) सूचिकृत लेखा परीक्षक मार्फत विद्यालयहरुको लेखा परीक्षण गराउन लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने,

(झ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक निर्धारण गरी प्रगति मूल्याङ्कन गर्ने,

(ञ) विषय विशेषज्ञहरुको सूचि प्रकाशित गर्ने,

(ट) स्वीकृत वा अनुमति प्राप्त कक्षा, विद्यार्थी सख्या र विषयगत आधारमा सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी मिलान गर्ने,

(ठ) गाउँपालिकाले निर्धारण गरेको मानक सार्वजनिक गरी तदनुसार शिक्षक तथा कर्मचारीलाई कामको आधारमा प्रोत्साहन नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(ड) संस्थागत वा शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरुको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि आवश्यक राय सुझाव प्रदान गर्ने,

(ढ) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने तह थप गर्ने नीति तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने,

(ण) विद्यालयहरूमा दिवा खाजालाई व्यवस्थित गराउन आवश्यक व्यवस्था मिलाउने,

(त) विद्यालयहरूमा स्वीकृत पाठ्यक्रम पाठ्यपुस्तक लागू गर्ने व्यवस्था मिलाउने,

(थ) विद्यालयको सिकाइ उलब्धि बृद्धिका लागि व्यवस्था मिलाउने,

(द) संघीय तथा स्थानीय तहले तोके बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयलाई वर्गीकरण गर्ने ।

२२. गाउँ शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) गाउँपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने, नियमित शिक्षण तथा मूल्यांकनको व्यवस्था मिलाउने

(ख) शिक्षा सम्बन्धी गाउँ स्तरीय योजना कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने साथै कार्यान्वयन गर्ने, गराउँने,

(ग) अनौपचारिक शिक्षा, विशेष शिक्षा, शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(घ) सामुदायिक विद्यालयहरुको शैक्षिक तथ्याङ्क अद्यावधिक गर्ने तथा सोको विवरण शिक्षा समितिमा उपलब्ध गराउने,

(ङ) लेखा परिक्षकको विवरण सूचि तयार गर्ने,

(च) नियुक्ति वा बढुवाका लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति दिने,

(छ) शिक्षक वा कर्मचारीको नियमानुसार कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

(ज) शिक्षकहरुको राजिनामा स्वीकृत गर्ने,

(झ) अनिवार्य अवकाश हुने शिक्षकलाई कम्तिमा ३ महिना अगाडि जानकारी दिई समय पूरा भएपछि अवकाश पत्र दिने,

(ञ) निवृत्तीभरण, उपदान, उपचार खर्च पाउने शिक्षकहरुलाई उक्त प्रयोजनको लागि शिक्षक किताव खानामा सिफारिस गर्ने,

(ठ) संघीय कानुनमा व्यवस्था भएबमोजिमका अन्य कार्यहरु गर्ने ।

२३. विद्यालय निरीक्षक :

(क) विद्यालय निरीक्षकको नियुक्ति संघीय ऐन बमोजिम हुनेछ ।

(ख) विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२४. स्रोत व्यक्ति/स्रोतविज्ञ :

(१) विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धिको लागि विभिन्न रचनात्मक कार्यहरु गर्न, विद्यालय र शिक्षकलाई आवश्यक सहयोग गर्न, शिक्षकहरुलाई दिइने सीपमूलक तथा प्रविधिमैत्री प्रशिक्षण एवं तालिममा सहयोग गर्न तथा गाउँ शिक्षा शाखाको

प्रशासनिक कार्यको बोझ कम गर्न गाउँपालिकाले स्रोत शिक्षक/स्रोतविज्ञको व्यवस्था गर्न सक्नेछ ।

(२) स्रोत व्यक्ति/स्रोतविज्ञको योग्यता, नियुक्ति संघीय ऐन तथा कार्यविधि अनुसार हुनेछ ।

(३) स्रोतव्यक्ति/स्रोतविज्ञको काम, कर्तव्य तथा अधिकार तोकिए अनुसार हुनेछ ।

२५. वडा शिक्षा समिति :

(१) वडा भित्रका विद्यालयहरुमा शिक्षा सम्बन्धी गतिविधिहरूको रेखदेख तथा समन्वय गर्न वडास्तरमा देहाय बमोजिमको एक वडा शिक्षा समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष- संयोजक

(ख) वडा समितिले तोकेको एक जना- सदस्य

(ग) प्रधानाध्यापक मध्येबाट वडा शिक्षा समितिले मनोनित एक जना- सदस्य

(घ) स्थानीय समाजसेवी, शिक्षाप्रेमि, चन्दादाता मध्येबाट गाँउशिक्षा समितिबाट मनोनित एक जना महिला सहित दुई जना- सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु मध्येबाट वडा समितिले तोकेको एक जना- सदस्य

(च) वडा सचिव- सदस्य

(छ) सम्बन्धित क्षेत्रको स्रोत व्यक्ति- सदस्य सचिव

द्रष्टव्य : पालिकामा स्रोत व्यक्तिको व्यवस्था नभएको अवस्थामा सम्बन्धित वडाका वडा सचिवले समितिका सदस्य सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् ।

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफना क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउँन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक सजग बनाउँने,

(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउँने,

(ङ) सम्बन्धित वडाभित्रका अभिभावक, शिक्षक, कर्मचारी बिच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउँने,

(छ) नक्सांकनको आधारमा विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने तह वा कक्षा थपघट गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ,

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमतिका लागि सहयोग प्रदान गर्ने,

(ट) गाउँ शिक्षा समितिले तोकेबमोजिम अन्य कार्यहरु गर्ने ।

२६. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको अभिभावक स्वयं मध्ये छानी पठाएको कम्तिमा दुईजना महिला सहित चारजना- सदस्य

(ख) स्थानीय शिक्षाप्रेमी, चन्दादाता संस्थापकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिद्वारा मनोनित एक जना महिला सहित दुईजना- सदस्य

(ग) सम्बन्धित वडाको प्रतिनिधिहरुबाट आफैले छनौट गरी पठाएको एकजना- सदस्य

(घ) विद्यालयका शिक्षकहरुबाट छानी पठाएको शिक्षक प्रतिनिधि एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

(च) गाँउ शिक्षा शाखा प्रतिनिधि आमन्त्रित- सदस्य

(छ) प्राविधिक विद्यालय व्यवस्थापन समितिमा स्थानीय उद्योग वाणिज्य संगको प्रतिनिधि सदस्य हुनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड क, ख र ग मध्येका सदस्यहरुले आफू मध्येबाट छनौट गरी पठाएको व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

(३) उपदफा १ र २ बमोजिम छनौट भएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचारण गरेको नपाइएमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति विघटन गर्न वा जुनसुकै बखत सदस्य वा अध्यक्षलाई पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन ।

(४) उपनियम १ बमोजिम विद्यालय व्यवस्थापन समिति छनोट गर्नको लागि विद्यालय व्यवस्थापन समितिको पदावधि सकिएको एक महिना भित्र प्र.अ. ले अभिभावक भेला बोलाई व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

(५) व्यवस्थापन समितिको सदस्यको राजिनामा सो समितिका अध्यक्ष र अध्यक्षको राजिनामा गाउँ शिक्षा समितिले स्वीकृत गर्नेछ ।

(६) व्यवस्थापन समितिको बैठकमा हुने छलफलको सूचि सदस्य-सचिवले साधारण तया ४८ घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नचुनिएको अवस्थामा बैठक अध्यक्षता जेष्ठ सदस्यले गर्नेछ ।

(८)सार्वजनिक निजी गुठी वा संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गर्दा विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति अध्यक्ष र अन्य सदस्यहरु संघीय ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२७. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

(क) गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सञ्चालनको लागि दुरदृष्टि र विद्यालय सञ्चालन योजना निर्माण तथा कार्यान्वयन र अनुमगन गर्ने ।

(ख) विद्यालय सञ्चालनको लागि साधन र स्रोत परिचालनको नीति बनाउने र व्यवस्था गर्ने ।

(ग) संघीय तथा प्रादेशिक सरकारले निर्धारण गरेको ढाँचा भित्र रही पाठ्यक्रम तथा पाठ्यपुस्तक र एक वा एक भन्दा बढी माध्यम भाषाहरू निर्धारण गर्ने ।

(घ) स्थानीय सरकारको ढाँचाभित्र रही विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँकार्यपालिका र शिक्षा समितिलाई दिने ।

(ङ) स्रोत र साधनलाई ध्यानमा राखी शिक्षा समितिको सहमतिमा विद्यालय आवश्यक पदहरू सिर्जना गर्ने र भर्नाको प्रक्रिया निर्धारण गर्ने ।

(च) संघ र प्रदेश स्थानीय सरकारबाट निर्धारित योग्यता पुगेका व्यक्ति मध्येबाट शिक्षा समितिले सिफारिस गरेका प्रधानाध्यापक एवं अन्य शिक्षक र कर्मचारी नियुक्ति गर्ने ।

(छ) विद्यालय सुशासनका अन्य आवश्यक प्रवन्ध गर्ने ।

(ज) गाउँकार्यपालिका शिक्षा समितिले दिएको निर्देशनको पालना गर्ने ।

(झ) शिक्षक, कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने ।

२८. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल-अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा सुशासन र स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार तथा गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्य पुस्तक लागु गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समिति मार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम गर्ने,

(ट) लेखा परीक्षण गराई अनिवार्य रुपमा वार्षिक प्रतिवेदन वडा शिक्षा समिति र गाउँ शिक्षा समितिमा पेस गर्ने,

(ठ) शिक्षक, कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागू गर्ने

२९. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :

(१) प्रत्येक विद्यालयमा सम्पुर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।:

(२) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावकहरु रहेको बढिमा ११ सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गरीने छ ।

(३) उपनियम २ बमोजिम गठित समितिको पदावधि २ वर्षको हुनेछ र कार्यकारी समितिको बैठक तीन महिनामा कम्तिमा एक पठक बस्नेछ तथा बैठक सम्बन्धि कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ख) विद्यालयको सामाजिक परिक्षण गर्ने, गराउँने,

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने,

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्ने विद्यालयलाई सहयोग गर्ने,

(ङ) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्न आवश्यक पहल गर्नको लागि शिक्षक, विद्यार्थी र अभिभावक बीच अन्तरक्रिया गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने,

(५) समितिको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र या छात्रा मध्ये बाट एकजनालाई आमन्त्रित गर्नुपर्नेछ ।

३०. सामाजिक परीक्षण :

(१) प्रत्येक विद्यालयको सामाजिक परीक्षण गर्नको लागि तोकिए बमोजिम सामाजिक परीक्षण समिति रहनेछ ।

(२) उपदफा १ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संघ, प्रदेश तथा गाउँपालिकाले तोकेको मापदण्ड अनुसार सामाजिक परीक्षण गर्ने,

(ख) नेपाल सरकार, गाउँपालिका तथा यस ऐन अनुसारको ढाँचामा विद्यालयमा आर्थिक कारोवार तथा आर्थिक अभिलेख राखे, नराखेको परीक्षण गर्ने,

(ग) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव तथा वेरुजु कार्यान्वयन भए नभएको हेर्ने, कार्यान्वयन नभएको भए कारण देखाई वि.व्य.स. र गाउँकार्यपालिकामा जानकारी गराउने ।

(घ) विद्यालयमा विद्यार्थी अभिलेख, भौतिक अभिलेख, शिक्षक कर्मचारी अभिलेखको

अवस्था परीक्षण गर्ने,

(ङ) गाउँ शिक्षा समितिले तोकेको सूचकहरुमा आधारित भई सामाजिक परीक्षण प्रतिवेदन तयार पार्ने,

(च) सार्वजनिक खरिद ऐन अनुसार कार्य भए नभएको हेर्ने,

(छ) विद्यालयहरुमा भौतिक संरचना निर्माण गर्दा प्रक्रियागत किसिमले निर्माण कार्य भए, नभएको, तोकिए अनुसार गुणस्तर भए, नभएको, सोको परीक्षण गर्ने,

(ज) विद्यालयको भौतिक संरचना वा जग्गा भाडामा दिदा नियमनुसार भए नभएको हेर्ने,

(झ) गाउँपालिका, गाउँ शिक्षा समिति तथा गाउँ शिक्षा शाखाले तोकेको अन्य कार्यहरु गर्ने,

३१. लेखा परीक्षण :

(१) सबै विद्यालयहरूले नियमित रुपमा वार्षिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको २५ दिन भित्र गाउँ शिक्षा शाखा मार्फत गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

(घ) लेखा परीक्षण सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

३२. विद्यालय सुधार योजना र त्यसको कार्यान्वयन :

(१) सम्पूर्ण विद्यालयहरुले तोकिएको प्रक्रिया पुरा गरी नियम बमोजिम विद्यालय सुधार योजना अनिवार्य रुपमा निर्माण गर्नुपर्नेछ ।

(२) विद्यालय सुधार योजनामा समावेश विषयमा वार्षिक रुपमा सरोकारवालाहरुको भेला बोलाई समीक्षा गर्नुपर्नेछ ।

(३) विद्यालय सुधार योजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :

(१) प्रत्येक सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम काज गर्न एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापक सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) सामुदायिक माध्यामिक विद्यालयको प्रधानाध्यापकको लागि स्नातकोत्तर उपाधि प्राप्त गरेको वरिष्ठ शिक्षकलाई वि.व्य.स. र गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(ख) उपदफा २ क अनुसार नभएमा विद्यालयको मा.वि. तहको स्थायी, अस्थायी वा राहत दरवन्दीमा कार्यरत शिक्षक मध्ये वि.व्य.स. र गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(ग) उपदफा २ क ख अनुसार पनि नभएमा आधारभुत तहमा स्थायी, अस्थायी वा राहत दरवन्दीमा रहेको स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्ये वि.व्य.स.र गाउँ शिक्षा समितिको सिफारिशमा गाउँपालिकाले प्रधानाध्यापक पदमा नियुक्ति गर्ने तर स्नातकोत्तर योग्यता प्राप्त शिक्षक नभए स्नातक योग्यता प्राप्त शिक्षकलाई पनि मा.वि. तह (कक्षा ९ र १०) सम्म सञ्चालित विद्यालयमा प्रधानाध्यापकको रुपमा नियुक्ति गर्न सकिनेछ ।

(घ) आधारभूत तह कक्षा ३ वा कक्षा ५ सम्म सञ्चालित विद्यालय भए कम्तिमा १२ कक्षा वा सो सरह उत्तीर्ण भएको आधारभूत तह कक्षा ८ सम्म सञ्चालित विद्यालय भए स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, आधारभुत तहको स्थायी शिक्षकको रुपमा कम्तिमा ५ वर्ष शिक्षण अनुभव भएको आधारभुत तहको माथिल्लो श्रेणीको वरिष्ठ शिक्षकलाई वि.व्य.स र गाउँशिक्षा समितिको सिफारिशमा गाउँपालिकाले प्रधानाध्यापकको रुपमा नियुक्ति गर्नेछ ।

(३) गाउँ शिक्षा समितिको सिफारिस चित्त नबुझेमा गाउँपालिकाले आफ्नो राय सहित शिक्षा समितिमा फिर्ता पठाउन सक्ने ।

(४) उपदफा २ बमोजिम ५ वर्षको लागि प्रधानाध्यापक नियुक्ति हुनुपूर्व निजबाट तोकिए बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव लिई गाउँपालिकासँग पञ्चवर्षीय कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(५) उपदफा २ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा वि.व्य.स.ले योग्यता पुगेका शिक्षकहरुबाट विद्यालय विकास प्रस्ताव लिई गाउँशिक्षा समितिमा वरिष्ठताको आधारमा २ जना शिक्षकलाई सिफारिस गर्नेछ ।

(६) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको व्यवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले प्रधानाध्यापक पदबाट हटाउन सक्ने छ ।

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन विपरित कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन करार सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयलाई हानिनोक्सानी पुऱ्याएमा,

(ङ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा ।

(७) उपदफा ६ बमोजिमको कुनै प्रधानाध्यापकलाई पदबाट हटाउनु पूर्व निजलाई सफाइ पेस गर्ने मौका दिइनेछ ।

(८) गाउँपालिकाले प्रोत्साहन स्वरुप प्रधानाध्यापकलाई थप भत्ताको व्यवस्था गर्न सक्नेछ ।

(९) निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्था तोके बमोजिम हुनेछ ।

(१०) प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ।

३४. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार : ऐनको दफा ३३ बमोजिम नियुक्त प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तथा सेवा सुविधाको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था :

(१) विद्यालयको शैक्षिक तथा प्रशासनिक कामलाई व्यवस्थित गर्न तोकिए बमोजिम

विद्यालयमा प्रधानाध्यापकका अतिरिक्त सहायक प्रधानाध्यापकको व्यवस्था गर्न सकिनेछ ।

३६. शिक्षकको वरिष्ठता निर्धारण : शिक्षकहरुको वरिष्ठता निर्धारण देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधार,

(ख) खण्ड क अनुसार वरिष्ठता नछुट्टिए अस्थायी शिक्षकहरुको हकमा अस्थायी नियुक्ति मिति वा राहत शिक्षकहरुको हकमा राहत नियुक्ति मिति वा सिफारिश योग्यताक्रमको आधार,

(ग) खण्ड ख अनुसार पनि वरिष्ठता नछुट्टिएमा सोही विद्यालयमा हाजिरी भएको मिति ।

३७. सामुदायिक विद्यालयका शिक्षकको नियुक्ति तथा बढुवा :

(१) सामुदायिक विद्यालयका रिक्त दरबन्दीमा शिक्षक सेवा आयोगबाट नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारलाई गाउँ शिक्षा अधिकृतले सिफारिस प्राप्त भएको मितिले तीस दिनभित्र नियुक्ति दिनुपर्ने, त्यसरी नियुक्ति पाएको शिक्षकले नियुक्ति पत्र बुझेको मितिले १५ दिनभित्र विद्यालयमा हाजिर हुनुपर्ने ।

(२) उपदफा १ बमोजिम नियुक्ति पाएको शिक्षकले नियुक्ति पाएको मितिले तीन महिना भित्र तोकिएको ढाँचामा वैयक्तिक विवरण फारम भरी गाउँकार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने छ। त्यसरी प्राप्त भएको फाराम कार्यालयले प्रमाणित गरी शिक्षक किताबखानामा पठाउनु पर्नेछ ।

(३) स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(४) नेपाल सरकारको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

३८. दरबन्दी मिलान : (१) मापदण्ड बनाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले शिक्षक विद्यार्थी अनुपातका आधारमा आफ्नो क्षेत्रभित्रका

विद्यालयहरुमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा शिक्षा समितिको सिफारिस बमोजिम दरवन्दी मिलान गर्न सक्नेछ ।

(२) आवश्यकता अनुसार गाउँ शिक्षा समितिले दरबन्दी मिलानका लागि उप-समिति गठन गर्न सक्नेछ ।

३९. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था :

(१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएमा गाउँ शिक्षा अधिकृतले गाउँ शिक्षा समितिको निर्णय बमोजिम दरवन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।

(३) उपदफा १ र २ मा जुन सुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा ५ वर्ष अवधि पुरा गरेको स्थायी, अस्थायी, राहत तथा करार शिक्षक तथा कर्मचारीलाई गाउँ शिक्षा समितिको निर्णय बमोजिम गाउँ शिक्षा अधिकृतले आफ्नो क्षेत्रभित्र जुनसुकै बेला सरुवा गर्न सक्नेछ ।

(४) दरवन्दी मिलान गर्दा या विशेष परिस्थितिका कारण कुनै शिक्षकलाई सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकलाई कारण खुलाई गाउँशिक्षा समितिले सरुवा गर्न सक्ने ।

(५) अन्तर स्थानीय तह तथा अन्तर जिल्लामा शिक्षक सरुवाका लागि स्थानीय तह तथा विद्यालयहरुको सहमति सहित सरुवा हुन चाहेको शिक्षकले तोकेको ढाँचामा गाउँपालिकामा निवेदन दिएमा प्रदेश तथा संघीय कानुन बमोजिम हुनेछ ।

४०. शिक्षक तथा कर्मचारी छनौट समिति :

(१) सामुदायिक विद्यालयमा रिक्त दरवन्दी, अनुदान कोटा वा अन्य अनुदानमा करारमा शिक्षक वा कर्मचारीको नियुक्तिको लागि सिफारिस गर्न विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

(क) वि.व्य.स. अध्यक्ष- संयोजक (तर विद्यालय कर्मचारी र वालशिक्षक छनौट गर्दा छनौट समितिका अध्यक्षता प्रमूख प्रशासकिय अधिकृत हुनेछ ।)

(ख) गाउँशिक्षा शाखा प्रतिनिधि- सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिले तोकेको बिशेषज्ञ २ जना- सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(तर बिद्यालय कर्मचारी र बालशिक्षकको छनौट गर्ने कार्यको लागि १ जना विशेषज्ञ भए पनि कार्य गर्न सकिने छ ।)

(२) छनौट समितिको पारिश्रमिक गाउँशिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) छनौट समितिले विद्यालयमा रिक्त दरबन्दी वा अनुदान करारमा शिक्षक वा कर्मचारी नियुक्ति गर्नुपूर्व शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिमा भएका उमेम्दवारले शिक्षक पदमा नियुक्ति हुन निवेदन दिएमा उक्त सूचीमा सूचिकृत उमेम्दवारहरुको योग्यता क्रमहेरी पहिलो उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिनेछ । यदि उक्त सूचीमा सूचीकृत उमेम्दवारले निवेदन नदिएमा शिक्षक या कर्मचारी छनौटका लागि आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

(४) विद्यालयमा रिक्त रहेका दरवन्दीहरूमा पदपुर्तिका लागि बिद्यालय व्यवस्थापन समितिले गाउँपालिकाको स्वीकृती लिई आवश्यकता अनुसार विषयगत र तहगत विज्ञापन गर्नुपर्नेछ । कम्तिमा १५ दिन अवधि राखी राष्ट्रिय दैनिक पत्रिका तथा स्थानीय सञ्चार माध्यममा विज्ञापन प्रकाशित गर्नुपर्नेछ । छनौटका अन्य प्रक्रिया शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार हुनेछ ।

(५) विद्यालयको स्रोतबाट नियुक्त शिक्षकका लागि कम्तिमा ७ दिनको विज्ञापन गरी तोकेअनुसारको प्रक्रिया बमोजिम वि.व्य.स.ले शिक्षक तथा कर्मचारी नियुक्ति गर्नेछ । त्यसरी नियुक्त शिक्षकलाई विद्यालयले तोकेको सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(६) अस्थायी वा करार शिक्षकको ६/६ महिनामा विद्यालयको वि.व्य.स. को निर्णय अनुसार म्याद थप गर्न सकिने छ ।

(७) शिक्षक कर्मचारी नियुक्ति सम्बन्धी अन्य प्रक्रिया संघीय कानून बमोजिम हुनेछ ।

४१. शिक्षक तथा कर्मचारीलाई अन्य काममा लगाउँन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालय प्रशासन सम्बन्धी काम तथा विद्यालयको हित तथा शिक्षा सम्बन्धी काममा वाहेक अन्य काममा लगाउँन पाईने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउँन सकिनेछ ।

४२. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :

(१) शिक्षकलाई संघीय प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

४३. अवकाश सम्बन्धी विशेष व्यवस्था :

(१) अवकाश सम्बन्धी व्यवस्था/विशेष व्यवस्था संघीय कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) गाउँपालिकाले कार्यविधि बनाई पेन्सन भएका तर ६० वर्ष उमेर नपुगेका शिक्षक तथा कर्मचारीहरुलाई स्वैच्छिक अवकासको लागि विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गर्न सक्नेछ ।

४४. विद्यार्थी पोशाक सम्बन्धी व्यवस्था : बगनासकाली गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सम्पूर्ण विद्यार्थीहरुलाई एकरुपता हुनेगरी एउटै विद्यालय पोशाक तोक्न सक्नेछ ।

४५. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता : शिक्षक तथा कर्मचारीको सेवा, सर्त योग्यता तोकिए बमोजिम हुनेछ ।

४६.स्थायी अध्यापन अनुमति पत्र लिनुपर्ने : अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन । तर बालशिक्षक, विद्यालय कर्मचारी स्थानीय तथा निजीस्रोतमा शिक्षक नियुक्ति गर्दा स्थायी अध्यापन अनुमतिपत्रको अनिवार्यता नगर्न सकिने छ ४७. शिक्षक तथा कर्मचारीले पाउने

विदा :

(क) भैपरी गाउँने विदा वर्षभरिमा ६ दिन

(ख) पर्व विदा वर्षभरिमा ६ दिन

(ग) विरामी विदा वर्षभरिमा १२ दिन

(घ) प्रसूति विदा प्रसूतिको अघि वा पछि गरी (९८) दिन (महिला शिक्षकलाई)

(ङ) प्रसुती स्याहार विदा १५ दिन (पुरुष शिक्षकको लागि)

(च) किरिया विदा १५ दिन ,

(छ) असाधारण विदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा वढीमा ३ वर्ष

(ज) अध्ययन विदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एक पटक वा पटक पटक गरी बढीमा ३ वर्ष

(झ) भैपरी गाउँने विदा र पर्व विदा आधा दिन पनि लिन सकिने । यस्तो विदा सञ्चित हुने छैन ।

(ञ) नियमानुसार स्थायी शिक्षक वा स्थायी कर्मचारीले विरामी विदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो विद्या निरीक्षकबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(ट) कुनै ठुलो वा कडा रोग लागि उपचार गर्न विरामी विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी विदाबाट कट्टा हुने गरी १२ दिनसम्म थप विरामी विदा पेश्कीको रुपमा त्यस्तो विरामी भएको बखत लिन सक्नेछ । यसरी पेश्की विदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको विदा स्वतः मिनाहा हुनेछ ।

(ठ) प्रसुति विदापछि विद्यालय हाजिर भएको ३० दिन भित्र नवजात शिशुको जन्म दर्ता प्रमाणपत्र विद्यालयमा बुझाउनु पर्नेछ ।

४८. सन्चयकोष तथा विमाकोष सम्बन्धी व्यवस्था :

(१) कामको सिलसिलामा वा काजमा खटिएको शिक्षक वा कर्मचारी कुनै कारणवस घाइते वा मृत्यु भएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई गाउँपालिकाले तोकिए बमोजिम राहत उपलब्ध गराउन सक्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरुको सञ्चयकोष तथा विमाकोष सम्बन्धी अन्य व्यवस्था संघीय कानुनले तोके बमोजिम हुनेछ ।

४९. कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्था :

(१) स्थायी शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तोकिएको ढाँचामा हुनेछ ।

(२) शिक्षकहरुको पेशागत कार्यसम्पादनलाई नै वृत्तिविकासको मूख्य आधार हुने गरी गाउँपालिकाले कार्यविधि बनाई कार्यान्वय गर्नेछ ।

(३) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. शैक्षिकसत्र, भर्ना गर्ने समय र काम गर्ने दिन :

(क) विद्यालयको शैक्षिकसत्र प्रत्येक वर्षको वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ । तर भौगोलिक विकटतालाई मध्य नजर गर्दै गाउँ शिक्षा समितिको सहमति लिई शैक्षिक क्यालेण्डरमा सामान्य परिवर्तन गर्न सक्नेछ ।

(ख) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कक्षा ११ र १२ को हकमा शैक्षिक सत्र श्रावण महिनाबाट सुरु हुनेछ ।

(ग) विद्यालयले शैक्षिकसत्र सुरु भएको मितिले सामान्यतया एक महिना भित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ ।

(घ) कुनै विद्याथी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्याथीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ ।

(ङ) कुनै पनि विद्यालयले शैक्षिक सत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु गराउँनु हुँदैन ।

(च) तर कक्षा एकको उमेर समूहभन्दा कम उमेर भएका बालबालिकाको हकमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा पन्ध दिन अगावै प्रारम्भिक बाल शिक्षामा भर्नाको कार्य गर्न वाधा पर्ने छैन ।

(छ) कक्षा एक र सोभन्दा कम कक्षामा भर्ना गर्दा कुनै पनि प्रकारको क्षमता जाँच परीक्षा लिन पाइने छैन ।

(ज) विद्यालयको एक शैक्षिक सत्रमा काम गर्ने दिन या अध्यापन समय कम्तीमा दुई सय बीस दिन हुनेछ । शैक्षिक सुधारको लागि सोभन्दा बढी दिन पनि विद्यालय सञ्चालनमा ल्याउन सकिने छ । सो वापतको प्रोत्साहन भत्ता विद्यालयले थप गर्न सक्नेछ ।

(झ) सामुदायिक विद्यालयको प्रधानाध्यापकले हप्ताको कम्तिमा बाह्र, सहायक प्रधानाध्यापकले हप्ताको कम्तिमा चौविस र शिक्षक हप्तामा कम्तीमा तीस कक्षा (पिरियड) अध्यापन गराउनु पर्नेछ ।

(ञ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि बि.व्या.स.ले आवश्यकता ठानि बैठकको निर्णय सहित सिफारिस गरी पठाएमा गाउँपालिकाले प्रधानाध्यापकलाई Non Teaching staff को रुपमा व्यवस्थापक प्रमुखको जिम्मा दिन सक्नेछ ।

(ट) विद्यालयका सबै तहका कक्षाहरू एकै समयमा सञ्चालन गर्नुपर्नेछ ।

५१. विद्यालय विदा :

(१) नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादाम्यता कायम हुने गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले विद्यालय सार्वजनिक विदा निर्धारण गर्न सक्नेछ ।

(२) एक शैक्षिक सत्रमा हिउँदे बिदा तथा वर्षे बिदा वा दुवै गरी बढीमा पैंतालीस दिन विद्यालयमा विदा दिन सकिनेछ

(३) व्यवस्थापन समितिले एक शैक्षिकसत्रमा बढीमा थप पाँच दिनसम्म स्थानीय विदा दिई विद्यालय विदा गर्न सक्नेछ

(४) नियम विपरित हुने गरी तोकिएको भन्दा धेरैदिन विद्यालय बन्द गरेको पाइएमा

सम्बन्धित वि.व्य.स.लाई सचेत गरीनेछ भने प्रधानाध्यापकलाई विभागीय कारवाही गरीनेछ ।

५२. विद्यालय अनुगमन समिति तथा अनुगमन ढाँचा :

(१) गाउँकार्यपालिकाले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक प्रशासनिक लगायतका विषयहरुको मूल्याङ्कन गर्न पालिका स्तरमा एउटा विद्यालय अनुगमन समिति गठन गर्न सक्नेछ ।

(२) विद्यालय अनुगमनको ढाँचा वा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) तोकिएको मापदण्डका आधारमा शिक्षकको कार्यसम्पादन तथा विद्यालयको समग्र पक्षको अनुगमन गरी सोका आधारमा विद्यालयलाई वर्गीकरण तथा प्रोत्साहन गरीनेछ ।

५३. शैक्षिक गुणस्तर मापन तथा परामर्श केन्द्र :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको समग्र शिक्षाको अवस्था तथा शैक्षिक गुणस्तरको मापन गर्न र नीति निर्देशन तयार गर्नका लागि गाउँपालिका स्तरमा एक शैक्षिक गुणस्तर मापन तथा परामर्श केन्द्रको गठन गर्न सक्नेछ ।

(२) कार्यविधि बनाई शैक्षिक गुणस्तर मापन तथा परामर्श केन्द्रले आफ्नो क्षेत्राधिकार भित्रका विद्यालयहरुको सिकाइको अवस्था मापन गर्न सक्नेछ ।

(३) केन्द्रले क्षेत्राधिकार भित्रका विद्यालयहरुको विषयगत सिकाइको अवस्थाका आधारमा प्रत्येक वर्ष एउटा रिपोर्ट तयार गरी गाउँपालिकामा पेश गर्नेछ ।

(४) शैक्षिक परामर्श तथा गुणस्तर मापन केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार एवम् सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

५४. शिक्षकको जिम्मेवारी तथा जवाफदेहिता :

(१) प्रधानाध्यापक गाउँपालिका, गाउँ शिक्षा समिति वि.व्य.स, अभिभावक एवं विद्यार्थी प्रति जिम्मेवार र जवाफदेही हुनुपर्नेछ ।

(२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि प्रधानाध्यापकले गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिसँग कार्यसम्पादन करार

गर्नुपर्नेछ ।

(३) शिक्षक एवं कर्मचारी प्रधानाध्यापकप्रति जवाफदेही हुनेछन् । निजहरूले गुणस्तरीय शिक्षाका लागि गाउँकार्यपालिका, गाउँशिक्षा समिति र गाउँशिक्षा अधिकृतले प्रधानाध्यापक मार्फत प्रचलित कानून बमोजिम दिएका निर्देशन पालना गर्नुपर्नेछ । अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षक तथा कर्मचारीहरुले प्रधानाध्यापक तथा वि.व्य.स सँग कार्यसम्पादन करार गर्नुपर्ने छ ।

(४) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँ कार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रुपमा तोकिदिन सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका बाबु आमा बिहिन, अलपत्र परेका र बेसाहारा तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई छात्रवृति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु गाउँपालिका, गाउँशिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ।

(५) कुनै अभिभावकले विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउँन अटेर गरेमा र बालबालिकाको पढाइमा बेवास्ता गरेमा निजलाई वडा तथा गाउँपालिकाबाट प्रदान गरीने सेवा सुविधाहरुबाट बन्चित गर्न सकिनेछ ।

५५. शिक्षक तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता :

(क) आफुलाई खटाइएको ठाँउमा गई तोकिएको काम गर्नुपर्ने ।

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालय आए गएको समय जनाई हाजिर हुनुपर्ने र विदाको पूर्व जानकारी र प्रधानाध्यापकको अनुमति विना विद्यालय अनुपस्थित हुन नहुने ।

(ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्न नहुने ।

(घ) नेपाल सरकार, गाउँपालिका र नेपाली जनताको पारस्पारिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक या काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न था प्रेसलाई कुनै

खबर दिन वा रेडियो वा टेलिभिजन आदिजस्ता सूचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन या वक्तव्य प्रकाशित गर्न नहुने ।

(ङ) विद्यार्थीलााई योग्य नागरीक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनुपर्ने ।

(च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने ।

(छ) कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने ।

(ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र गाँउ शिक्षा अधिकृतको स्वीकृती नलिई आफु बहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने ।

(झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने ।

(ञ) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल तथा घेराउ गर्न नहुने ।

(ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने ।

(ठ) कुनै पनि राजनीतिक दलको कुनै पनि तहको इकाइको सदस्य, उपभोक्ता समितिको सदस्य वा पार्टी प्रतिनिधि हुन नपाउने, यदि भएको पाइएमा विभागीय कारवाही ग्रेड रोक्का हुन सक्नेछ ।

(ड) शिक्षकले शिक्षण गर्दा शिक्षण सुधार योजनालाई अवलम्बन गरेर शिक्षण गर्नुपर्ने ।

(ढ) विद्यालय समयमा विद्यालय क्षेत्रभित्र मादक पदार्थ तथा सुर्तीजन्य पदार्थ सेवन गर्न पाईने छैन ।

(ण) विद्यालय शिक्षकले विद्यालय आउँदा अनिवार्य रुपमा नेपाल सरकारले तोकेको पोशाक लगाउँ र आउनुपर्ने ।

(त) कक्षा कोठा भित्र शैक्षिक प्रयोजनको लागि बाहेक मोवाइल तथा अन्य कुनै पनि विद्युतीय सामग्री ल्याउन पाइने छैन मोवाईल प्र.अ.को जिम्मेवारीमा कार्यालयमै राख्नुपर्ने ।

(थ) हरेक दिन शिक्षण सकेपछि उक्त दिनको शैक्षिक क्रियाकलापको समीक्षाको लागि प्र.अ.को संयोजकत्वमा हुने बैठकमा सक्रिय सहभागी हुनु पर्नेछ ।

(द) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक अन्य कुनै संस्थाको जिम्मेवार पदमा बस्न पाइने छैन ।

५६. शिक्षक तथा कर्मचारीले गर्न नहुने :

(१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले निजी वा गुठीबाट सञ्चालित कुनै प्रकारको विद्यालयहरूमा लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कार्य गर्न पाइने छैन ।

५७. दण्ड सजाय

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले विगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्ने ।

(२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाउँमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी तोकिए बमोजिम सजाय हुनेछ :

अ. उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशनमा लापर्वाही तथा अमर्यादित कार्य गरेमा,

आ. परीक्षाको निष्पक्षता, मर्यादा र विश्वसनीयता नहुने काम गरेमा,

इ. परीक्षा केन्द्रमा स्वीकृत नलिई प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ई. विद्यार्थी, शिक्षक तथा कर्मचारी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

उ. अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

ऊ. स्वीकृति नलिई कुनै विद्यालय सञ्चालन गरेमा वा अन्य संघसस्थाको कार्यकारी भई काम गरेमा ।

(३) विद्यालयको शिक्षक तथा कर्मचारी उपर अदालतमा फौजदारी प्रकृतिको मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी मुद्धा दायर भएको मितिदेखि निलम्बन हुनेछ ।

(४) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन वडा शिक्षा समिति मार्फत गाउँशिक्षा समितिमा सिफारिस गर्ने छः

(क) तोकिए बमोजिमको पदीय दावित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि संघसंस्था वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको कार्यकारी पदमा रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षभित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तरभन्दा कम भएमा ।

(५) उपदफा (४) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँशिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ । तर पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिइने छ ।

५८. पुनरावेदन लाग्ने : तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

५९. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने : नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलव, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

६०. स्थायी आवासीय अनुमति लिन नहुने

(१) सामुदायिक विद्यालय कार्यरत स्थायी शिक्षक वा कर्मचारीहरुले विदेशमा स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लगि आवेदन दिन नहुने । यो ऐन प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरीनेछ ।

(२) स्वयम् घोषणा गरी विवरण पेश गर्ने : सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन गरेको भए यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सोको स्वयम् घोषणा गरी आफू कार्यरत रहेको विद्यालयमा पेश गर्नुपर्नेछ ।

६१. विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिता :

(क) शिक्षकलाई आदर गर्नुपर्ने,

(ख) विद्यालय हाताभित्र वा बाहिर जहाँसुकै अनुशासनमा रहनुपर्ने,

(ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थाानको निम्ति सधैं प्रयत्नशील रहनुपर्ने

(घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनुपर्ने,

(ङ) सबैसँग शिष्ट र मर्यादित व्यवहार गर्नुपर्ने,

(च) विद्यालय आउँदा अनिवार्य रुपमा तोकिएको पोशाकमा आउनुपर्ने,

(छ) विद्यालय भित्र तथा बाहिर समेत मादक पदार्थ तथा सुर्तीजन्य पदार्थ सेवन

गर्न नपाइने,

(ज) विद्यालय भित्र मोबाइल तथा अन्य कुनै पनि विद्युतीय सामग्री ल्याउन नपाइने,

(झ) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचारसंहिता पालना गर्नुपर्ने,

(ञ) शिक्षकले दिइएको दैनिक क्रियाकलाप अनिवार्य गर्नुपर्ने ।

६२.स्थानीय तहमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिने

(१) विद्यालयमा सञ्चालित तह र कक्षाअनुसार शिक्षक तथा कर्मचारी संख्या अपुग भई विद्यालयको पठनपाठन र सिकाइमा बाधा पर्न सक्ने भएमा शिक्षा समतिको शिफारिसमा गाउँपालिकाले आाफ्नो क्षेत्रभित्रका विद्यालयहरुमा करारमा शिक्षक तथा कर्मचारी नियुक्त गर्नका लागि अनुदान दिन सक्ने ।

(२) स्थानीय तहबाट करारमा नियुक्त गरीने शिक्षक तथा कर्मचारीहरुको नियुक्ति सेवा सुविधा र अन्य व्यवस्था कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

६३. राजिनामा तथा अवकाश सम्बन्धी व्यवस्था : (क) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको साठी वर्ष उमेर पुरा भएपछि अनिवार्य अवकाश हुनेछ ।

(ख) व्यवस्थापन समितिका सदस्यको राजिनामा समितिका अध्यक्षले र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको राजिनामा सम्बन्धित शिक्षा समितिले स्वीकृत गर्ने छ । विद्यालयको प्र.अ.र शिक्षकको राजिनामा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी गाउँ शिक्षा समितिमा अनुमोदन गराइने छ ।

(ग) तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजिनामा समितिका सदस्यहरूमध्ये सबैभन्दा जेष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

(घ) करार तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षक तथा कर्मचारीहरुको राजिनामा स्विकृती सम्बन्धित विद्यालय व्यवस्थापन समितिले नै गर्नेछ ।

(ङ) राजिनामा र स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६४. विद्यालय समायोजन तथा दरवन्दी सम्बन्धी व्यवस्था :

(१) कुनै पनि बिद्यालयको कुनै तहमा १० जना भन्दा पनि कम बिद्यार्थी भएमा त्यस्तो बिद्यालयलाइ गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले

अर्को विद्यालयमा गाभ्न वा समायोजन गर्न वा तह घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पनि बिद्यालय गाभिएको वा समायोजन भएको वा तह घटाइएको वा बन्द भएको अवस्थामा कार्यरत शिक्षकहरुलाइ गाउँशिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले, गाउँकार्यपालिकामा दरवन्दी पूल राखि अर्को कुनै बिद्यालयमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

६५. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेरावार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अगल शौचालय, सिकाइमैत्री वातावरण आदि हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी वातावरण जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्नेछ ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

६६. विद्यालयको सम्पत्ति :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरीएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच-विखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँशिक्षा कोषमा जम्मा गर्नेछ ।

(२)शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरीएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४)संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारवाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) विद्यालयले चल अचल सम्पत्ति वेनविखन गर्दा स्थानीय सरकारको अनुमति बेगर बेच्न पाइने छैन ।

६७. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन :

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्नसक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य विद्यालय व्यवस्थापन समिति र स्थानीय वडा सरकारको हुनेछ ।

६८. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(२)विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, इकोक्लव तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियो गिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

(३) सह तथा शैक्षिक क्रियाकलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरीएको अनुमति वा स्वीकृति रद्द गर्न सक्ने छ । तर त्यसरी अनुमति वा स्वीकृति

रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरीने छैन ।

७०. गाउँपालिकाले निर्देशन दिन सक्ने :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरूलाई आवश्यक निर्देशनहरु दिनसक्ने छ ।

(२) उपदफा (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

७१. विद्यालयको विनियम :

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरीएको विनियम अभिभावक भेलाबाट पारित गराई लागु गर्न सक्नेछ ।

(२) विद्यालयको विनियम अभिभावक भेलाले आवश्यकता अनुसार संसोधन गर्नसक्ने छ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुने ।

(४) अद्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट पन्ध्र दिनभित्र व्यवस्थापन समितिले गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउँने छ ।

७२. विद्यालयलाई बालमैत्री र सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) प्रत्येक विद्यालयले बालमैत्री र सुरक्षित क्षेत्रका न्युनतम मापदण्डहरु तोकी सो

को कार्यान्वयन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

७३. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन या दुर्व्यवहार गर्न पाइने छैन ।

७४. शिक्षक महासंघ सम्बन्धी व्यवस्था :

(१) यस गाउँपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत हकहितको संरक्षण तथा पेशागत विकासको लागि गाउँपालिका स्तरीय शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको निर्वाचन सम्बन्धी व्यवस्था शिक्षक महासंघको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) शिक्षक महासंघले विधान बनाई नियमानुसार पालिकामा दर्ता गर्नुपर्नेछ ।

(४) शिक्षक महासंघको काम, कर्तव्य र अधिकार संघीय, प्रदेश र स्थानीय कानुन तथा शिक्षक महासंघको विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

७५. परीक्षा व्यवस्थापन तथा समन्वय समिति :

(१) गाउँपालिकाको क्षेत्रभित्रका विद्यालयहरुमा आधारभुत तहको अन्तमा लिइने परीक्षा लगायत अन्य परीक्षा समेत सञ्चालन व्यवस्थापन तथा समन्वयको लागि देहाय बमोजिमको एक परीक्षा व्यवस्थापन तथा समन्वय समिति रहनेछ

(क) गाउँशिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) अध्यक्षबाट मनोनित गाउँपालिकामा सञ्चालित बिद्यालयहरुबाट वरिष्ठतम प्रधानाध्यापकबाट एक जना -सदस्य

(घ) गाउँपालिकामा कार्यरत नि.मा.वि. तहको स्थायी शिक्षकहरुबाट एकजना -सदस्य

(ङ) गाउँपालिकामा कार्यरत महिला स्थायी शिक्षकहरुमध्येबाट एकजना -सदस्य

(च) गाउँपालिकामा आधारभुत तह सञ्चालन भएको संस्थागत बिद्यालयहरुको प्रतिनिधि एकजना -सदस्य

(छ) गाउँशिक्षा अधिकृत -सदस्य सचिव

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) बगनासकाली गाँउपालिकाको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) गाउँपालिका भित्रका विद्यालयहरुमा सञ्चालन हुने परीक्षा गाउँपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम गर्न परीक्षा समन्वय समितिले गाउँशिक्षा शाखा मार्फत विद्यालयहरुलाई निर्देशन दिन सक्नेछ ।

(५) गाउँपरीक्षा समितिका मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(६) गाउँ परीक्षा समितिले आवश्यकता अनुसार विभिन्न परीक्षा उपसमिति गठन गरी परीक्षालाई मर्यादित र नतिजालाई विश्वसनीय बनाउन आवश्यक कार्य गर्न सक्नेछ । ।

(७) गाउँ परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) परीक्षा समितिको सेवा सुविधा गाउँपालिककाले तोके बमोजिम हुनेछ ।

(९) मनोनित सदस्यहरुले पदिय आचरण पूरा नगरेमा जुनसुकै समयमा हटाउन सकिनेछ । तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट बञ्चित गरीने छैन् ।

७६. गाउँ शिक्षा विकास कोष : (१) गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुलाई व्यवस्थित गर्न निःशुल्क र अनिवार्य शिक्षालाई कार्यान्वयन गर्न

गाउँ शिक्षा विकास कोष रहनेछ । उक्त कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम

(ख) विभिन्न संघसंस्था र चन्दादाताहरुबाट प्राप्त रकम

(ग) सामुदायिक वनहरुबाट प्राप्त रकम

(घ) विविध श्रोतबाट प्राप्त रकम

(२) यस कोषको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७७. विद्यालय कोष तथा अक्षयकोष :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जुन कोष राख्ने गरी एउटा सञ्चित खाता रहनेछ । उक्त खाता गाउँपालिकाले तोकेको बैंकमा आधार भुत विद्यालयको हकमा व्यवस्थापन समितिको अध्यक्ष र प्र.अ.तथा माध्यमिक विद्यालयको हकमा लेखापाल र प्रधानाध्यापकको संयुक्त हस्ताक्षर वा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णयमा पालिकाको स्वीकृती बमोजिम हुनेछ । जसमा देहाय बमोजिमको रकमहरु जम्मा हुनेछ :

(क) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) गाउँपालिकाबाट प्राप्त अनुदान

(ग) अभिभावकहरुबाट प्राप्त सहयोग,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त सहयोग,

(ङ) विद्यालयको भौतिक तथा अन्य सम्पत्ति उपयोग या बेचविखनबाट प्राप्त आय,

(च) अन्य सोतबाट प्राप्त सहयोग वा अनुदान ।

(२) विभिन्न व्यक्ति वा निकायबाट विद्यालयहरूमा स्थापित अक्षयकोषको व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा तोकिए बमोजिमको अक्षयकोष व्यवस्थापन समिति रहने छ ।

(३) विद्यालय कोष तथा अक्षयकोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम

हुनेछ ।

७८. संस्थागत विद्यालयले छात्रवृती उपलब्ध गराउनु पर्ने : (१) संस्थागत विद्यालयले प्रत्येक कक्षामा अध्ययन गर्ने कम्तिमा पनि १० प्रतिशत गरीब, विपन्न, सीमान्तकृत, दलित, पिछडिएका एवं जेहेन्दार विद्यार्थीलाई छात्रवृती उपलब्ध गराउनु पर्नेछ । यसरी सिफारिस गर्दा समावेशी आधारमा कम्तीमा २५ प्रतिशत बालिका अनिवार्य रुपमा समावेश गर्नुपर्ने । छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयले कम्तिमा १५ दिनको म्याद सहित सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) यस ऐन बमोजिम छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम थर, कक्षा तथा निजको बाबु आमाको नाम,थर वतन सहितको विवरण विद्यालयले सूचना पाटीमा टाँस गर्नुपर्नेछ । यसको एक प्रति अनिवार्य रुपमा शिक्षा समिति मार्फत गाउँपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

(३) अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

७९. गाउँपालिका छात्रवृती कोष : (१) गाउँपालिका भित्रका गरीव, जेहेन्दार विपन्न, लोपोन्मूख विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्नको लागि गाउँपालिकाले एउटा छात्रवृत्ति कोषको स्थापना गर्न सक्नेछ ।

(२) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) छात्रवृत्ति कोष संचालक समिति देहाय बमोजिम हुनेछ ।

(क) सामाजिक विकास समितिको प्रमुख - संयोजक

(ख) शिक्षा समितिले तोकेको गाउँशिक्षा समितिको एक जना प्रतिनिधि -सदस्य

(ग) शिक्षा अधिकृत - सदस्य सचिव

८०. शिक्षक कर्मचारी कल्याण कोष :

(क) गाउँ शिक्षा समितिले सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई दुर्घटना, जटिल स्वास्थ्य समस्या तथा आपत् कालिन अवस्थामा सहयोग पुग्ने गरी एउटा शिक्षक तथा कर्मचारी कल्याण कोष स्थापना गर्न सक्नेछ ।

(ख) यस कोषमा गाउँपालिकाले सुरुवाती रकम जम्मा गर्नेछ ।

(ग) विद्यालय कार्यरत शिक्षक तथा कर्मचारीहरुबाट पनि वार्षिक रुपमा निश्चित रकम जम्मा गर्ने व्यवस्था गर्न सकिने छ ।

(घ) यस कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यविधि बमोजिम हुनेछ ।

८१. नमुना विद्यालय स्थापना :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरु मध्ये प्रत्येक वर्ष एउटा उत्कृष्ट विद्यालयलाई पालिका स्तरमा नमुना विद्यालय घोषणा गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम नमुना विद्यालय घोषणा गर्दा प्रदेश वा संघीय सरकारबाट नमुना विद्यालयका रुपमा घोषणा गरीएका विद्यालयहरुलाई दोहोऱ्याइने छैन ।

(३) उपदफा १ बमोजिम घोषित विद्यालयको पूर्वाधार विकासका लागि गाउँपालिकाले आवश्यक आर्थिक, भौतिक तथा प्राविधिक सहयोग गर्नेछ ।

(४) नमुना विद्यालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८२. विद्यालयलाई दिइने अनुदान बाँडफाँड : विभिन्न श्रोतबाट प्राप्त रकम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा देहाय बमोजिमका आधारमा बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या

(ब) विद्यालयको शिक्षक संख्या

(ग) विद्यालयको परीक्षाको नतिजा

(घ) विद्यालयको आर्थिक अवस्था

(ङ) विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धिको लागि गरेको प्रयास

(च) गाउँ शिक्षा समितिले तोकेको अन्य मापदण्ड

८३. अनुदान दिन वा थप गर्न सक्ने : गाउँपालिकाले संघीय, प्रादेशिक तथा स्थानीय कानुनमा व्यवस्था भएका र नभएका विभिन्न शीर्षकहरु दिवाखाजा,

अतिरिक्त क्रियाकलाप, शिक्षण सिकाइ तालिम सञ्चालन, शैक्षिक भ्रमण, अभिभावक सशक्तिकरण, प्रधानाध्यापक भत्ता, कर्मचारी भत्तामा अनुदान दिन वा थप गर्न सक्नेछ ।

८४. मर्मत संभार कोष : प्रत्येक विद्यालयहरूमा एउटा मर्मत संभार कोष रहने छ । यसको स्थापना, सञ्चालन र व्यवस्थापन विद्यालयले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

८५. दैवि प्रकोप तथा प्राथमिक उपचार कोष : प्रत्येक विद्यालयमा दैविप्रकोप तथा प्राथमिक उपचार कोष रहनेछ । यसको सञ्चालन र व्यवस्थापन सम्बन्धित विद्यालयले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

८६. प्राविधिक तथा व्यवसायिक शिक्षा : (१) गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ ।

(२)प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले प्राविधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिदाँ वडामा तोकिएको मापदण्ड बमोजिम नदोहोरिने गरी विषय सिफारिस गर्नेछ ।

(४) प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

८७. विद्यालयलाई छुट तथा सुविधा : सामुदायिक विद्यालयको नाममा जुनसुकै लिखत पारित वा रजिष्ट्रेशन गर्दा दिइने छुट वा सुविधा प्रचलित कानुन वा तोकिए बमोजिम हुनेछ ।

८८. संक्रमणकालीन व्यवस्था : यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था भएको कामकारवाही नियमावली नबन्दासम्म गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

८९. नियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि तथा

मापदण्ड बनाउन सक्नेछ ।

(२) प्रत्येक विद्यालयले आफनो कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न गाउँ शिक्षा समितिको स्वीकृति बमोजिम कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

९०. बाधा अडकाउ फुकाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न कुनै बाधा-अडकाउ परेमा बगनासकाली गाउँ कार्यपालिकाले बाधा- अडकाउ हटाउन सक्नेछ । गाउँपालिकाको प्रचलित ऐन तथा नियमावलीले व्यवस्था गरेको हकमा बाहेक यस ऐन अनुसार गरेको कामको सम्बन्धमा बगनासकाली गाउँसभाले गरेको निर्णय अन्तिम हुनेछ ।

९१. बचाँउ र खारेजी :

(१) यस भन्दा अगाडि गाउँपालिकाले गरेको शिक्षा सम्बन्धी कार्यहरू यसै ऐन बमोजिम भएको मानिने छ ।

(२) यो ऐन र ऐन बमोजिम बनेका नियमहरुमा व्यवस्था भएका जति कुराहरुमा यसै बमोजिम र यसमा नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यस ऐनमा लेखिएका कुनै कुराहरुले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(४) यस ऐन वा ऐन अन्तर्गत बनेका नियम तथा कानुनहरु संविधान वा अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।

९२. संशोधन सम्बन्धी व्यवस्था : बगनासकाली गाउँपालिका शिक्षा ऐन, को संशोधन बगनासकाली गाउँपालिकाको गाउँसभाको दुईतिहाइ बहुमतबाट गर्न सकिनेछ ।

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**